मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर, नेपाल

## शुभकामना

इस्लाम धर्मावलम्बीहरुको महान् पर्व बकर इद (ईद उल अजाह) २०८० को सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि दीर्घायु एवं उत्तरोरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

विभिन्न धर्म, संस्कृति, भेषभूषा, रहनसहन र पहिचानको विविधिताले सम्पन्न हाम्रो मुलुकमा हरेक जातजाति र धर्मका आ–आफ्नै मौलिक संस्कृति र पहिचान छन् । नेपाल लगायत विश्वका विभिन्न मुलुकमा रहेका इस्लाम धर्मावलम्बीहरुले मनाउने बकर इद (ईद उल अजाह) चाडको पनि आफ्नो छुट्टै पहिचान, मौलिकता र विशिष्टता रहेको छ ।

इस्लाम धर्मावलम्बीहरुको महान पर्व बकर ईद ( ईद उल अजाह) पवित्र रमजान पर्वको ७० औं दिनमा मनाउने धार्मिक विधि रहेको छ । यस दिन मुस्लिम धर्मावलम्बीहरुले विहानै स्नान गरी नजिकैको मस्जिद वा इदगाहमा गई सामुहिकरुपमा नमाज पढ्ने र नमाज पढिसकेपछि एकआपसमा शुभकामना आदानप्रदान गर्दै हार्दिका व्यक्त गर्दछन् ।

मुस्लिम समुदायमा आपसी सद्भावको चाडको रुपमा मनाइने यो पर्वले सबै नेपाली बीच बन्धुत्वको भावना बढाउन, सामाजिक सद्भाव अभिवृद्धि गर्न तथा सहकार्यको बाटोमा अघि बढ्न प्रेतिरत गरेको छ । यो पर्वले आगमी दिनमा हामी सबै प्रदेशवासीहरुलाइ पनि आपसी सद्भाव र प्रेमका साथ सहकार्यको मार्गमा अघि बढ्न प्रेरणा प्रदास गरोस ।

हाम्रा जुनसुकै पर्वहरु राष्ट्रिय एकताको माध्यम बन्न सकोस् र यी पर्वहरुबाट सबैमा एकताको भावना विकास गराउन सहयोग पुगोस् भन्ने अपेक्षासहित फेरी पनि विश्वभरि फैलिएर रहेका मुस्लिम दाजुभाइ, दिदीबहिनीहरुसहित सबै नेपालीहरुमा ‘ बकर ईद (ईद उल अजाह)’ को अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**मिति : २०८० असार १४ गते**

**हिक्मतकुमार कार्की**
**मुख्यमन्त्री**